आज मिति २०७६।०५।१८ गते माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूको अध्यक्षतामा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३८क बमोजिमको व्यवस्थापन समितिको बैठक बसी देहाय बमोजिमको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री अग्नि प्रसाद खरेल | अध्यक्ष | |
| २. | श्री खगराज पौडेल | सदस्य | |
| ३. | श्री पद्मप्रसाद पाण्डेय | सदस्य | |
| ४. | श्री नारायणप्रसाद पौडेल | सदस्य | |
| ५. | श्री विश्वराज कोईराला | सदस्य | |
| ६. | | सदस्य-सचिव | |
| आमन्त्रित | | | |
| १. | श्री गीताप्रसाद तिम्सिना | सहन्यायाधिवक्ता | |
| २. | श्री ज्ञानप्रसाद भुसाल | उपन्यायाधिवक्ता | |
| ३. | श्री आश्मा खड्का | शाखा अधिकृत | |

प्रस्तावहरु :

१. मिलापत्र गर्दा गराउँदाको प्रक्रिया सम्बन्धमा ।

<u>निर्णय नं. १</u> :

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ ले मिलापत्र गर्ने कानूनी व्यवस्था गरेको सन्दर्भमा सो कानूनी व्यवस्थाका अधिनमा रही मिलापत्रको कारवाहीमा एकरुपता ल्याउन यस कार्यालयबाट मिति २०७६।०२।२१ को व्यवस्थापन समितिको निर्णय अनुसार सम्पूर्ण सरकारी वकील कार्यालयहरुलाई परिपत्र गरिएकोमा साविकको निर्णयको प्रकरण नं. १ देखि ८ सम्म यथावतै कायम गर्ने, प्रकरण नं.९ मा उल्लिखित "एक भन्दा बढी प्रतिवादी तथा पीडित भएका मुद्दामा मिलापत्र प्रयोजनका लागि सम्पूर्ण प्रतिवादी तथा पीडित उपस्थित भएमा मात्र मिलापत्रको प्रकृया अगाडि बढाउनु पर्नेछ " भन्ने उल्लेख भएकोमा सो को सट्टा देहाय बमोजिमको प्रकरण नं. ९ कायम गर्ने, सो पछि क्रमश: प्रकरण नं. १० र ११ थप गर्ने र सोही बमोजिम सम्पूर्ण सरकारी वकील कार्यालयहरुलाई परिपत्र गर्ने ।

९. एक भन्दा बढी संख्यामा प्रतिवादी भएका मुद्दाका हकमा मिलापत्र प्रयोजनका लागि सम्पूर्ण प्रतिवादी उपस्थित नभए पनि मिलापत्र गर्न सहमत हुने प्रतिवादीले अन्य प्रतिवादीको तर्फबाट समेत पीडितलाई चित्त बुझाई निज पीडित र प्रतिवादीको निवेदन परेमा मिलापत्रको प्रकृया अगाडि बढाउनु पर्नेछ ।

१०. एकभन्दा बढी संख्यामा पीडित भएका मुद्दाका हकमा पीडित स्वयं वा निजको मृत्यु भएको वा वेपत्ता भएको प्रमाण सहित निजको कानून बमोजिमको हकवाला र अन्य कुनै कारणले पीडित उपस्थित हुन नसक्ने भएमा मिलापत्र गर्न सहमत भएको व्यहोरा खुलेको प्रमाणित अख्तियारनामा सहित पीडितको नजिकको हकवाला उपस्थित हुन आएमा मिलापत्रको प्रकृया अगाडि बढाउनु पर्नेछ ।

११. प्रकरण नं. १ मा उल्लिखित मुद्दामा मुद्दा दोहोर्याई हेरी पाउन वा पुनरावलोकनको अनुमतिका लागि निवेदन परेको अवस्थामा अदालतबाट निस्सा वा अनुमति प्राप्त भएमा मात्र मिलापत्रको प्रक्रियालाई अगाडि बढाउनु पर्नेछ ।